# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्या : ६५८ | मिति :- २०७३/५/५

विप्रेषण कारोवार गर्ने इजाजतपत्र प्राप्त कम्पनीहरू ।

विषय :- विप्रेषण कारोवार गर्ने कम्पनीहरुको चुक्ता पुंजी बृद्धि सम्बन्धमा ।

महाशय,

विप्रेषण कारोवार गर्ने इजाजतपत्र प्राप्त कम्पनीहरूको चुक्ता पुंजी सम्बन्धमा देहाय बमोजिमको व्यवस्था गरिएकोले सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

(१) विप्रेषण व्यवसायमा संलग्न संस्थाहरुको क्रमशः निम्न बमोजिम न्यूनतम् चुक्ता पुंजी कायम गरिएको छ :

(क) रेमिटान्स कार्ड जारी गर्ने विप्रेषण कम्पनीको हकमा रु.२५ करोड ।

(ख) प्रिन्सिपल कम्पनी भई कारोबार गर्ने विप्रेषक कम्पनीहरुको रु.१० करोड ।

(ग) विदेशस्थित प्रिन्सिपल कम्पनीको एजेन्ट भई विप्रेषणको कारोबार गर्ने कम्पनीहरुको रु.२ करोड ।

(२) विप्रेषण कारोवार गर्ने फर्म, कम्पनी वा संस्थाहरुले बुँदा (१) मा उल्लिखित चुक्ता पुंजी २०७४ असार मसान्तसम्ममा कायम गरीसक्नु पर्नेछ ।

भवदीय,

(भिष्मराज ढुगाना)
कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा ।
४. श्री नेपाल राष्ट्र बैंक, भुक्तानी प्रणाली विभाग ।
५ श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण बिभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, सूचना प्रविधि विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग ।
१०. श्री नेपाल मुद्रा विप्रेषक संघ ।